आज मिति २०७९ साल असार महिनाको ३ गते शुक्रबारको दिन बिहानको ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा स्थानीय तह निर्वाचन, २०७९ पश्चात्को दोस्रो कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**<u>उपस्थिती</u>**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री सानुबाबु श्रेष्ठ (का.बा.वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी :-**

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/३/२ गते नगर प्रमुखज्यूबाट मिति २०७९/३/३ गते स्थानीय तह निर्वाचन, २०७९ पश्चातको नगर कार्यपालिकाको दोस्रो कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | नगरसभाको नवौ अधिवेशनको मिति तोक्ने सम्बन्धमा । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा (२) बमोजिम नगर प्रमुखले नगर सभाको बैठक बोलाउने व्यवस्था भए बमोजिम मिति २०७९/०३/१० गते बिहान ११:०० बजे फर्पिङ पाटी प्यालेसको हलमा नगर सभाको बैठक बस्ने । |
| २. | विषयगत समिति गठन सम्बन्धमा । | • यस दक्षिणकाली नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १५ तथा विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९ को दफा ३ मा भएको व्यवस्था अनुरुप देहाय बमोजिमको विषयगत समितिमा निम्नानुसारको संयोजक तोक्ने ।<br>क) पूर्वाधार विकास समिति - कार्यपालिका सदस्य, अमृका बलामी<br>ख) सुशासन तथा संस्थागत विकास समिति - कार्यपालिका सदस्य, शैलेश मान मानन्धर<br>ग) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति - कार्यपालिका सदस्य, योस कुमार वाईबा<br>घ) सामाजिक विकास समिति - कार्यपालिका सदस्य, प्रकाश विसुंखे<br>ङ) आर्थिक विकास समिति - कार्यपालिका सदस्य, सुरेश बस्याल |
| ३. | न्यायिक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा । | • यस दक्षिणकाली नगरपालिका अन्तर्गत न्यायिक समितिमा पूर्णमाया बलामी - १ वादी, भुवन बलामी - १ र पुरुषोत्तम बलामी -१ समेत दुई जना प्रतिवादी भई मिति २०७८/५/२१ मा दर्ता भएको दर्ता नं.००७/०७८/०७९ को जेष्ठ नागरिक संरक्षण गरी पाउँ भन्ने विषयको विवाद उपर दुई पक्षको आपसी सहमतिमा मिति २०७८ साल पौष महिनाको २ गते न्यायिक समिति समक्ष भएको मिलापत्रको बुदाँ नं.१ बमोजिमको सहमती कार्यान्वयनको लागि वादी पूर्णमाया बलामीले पेश गरेको निवेदन अनुरुप प्रतिवादी भुवन बलामी - १ र पुरुषोत्तम बलामी -१ समेत दुई जनालाई मिलापत्र कार्यान्वयनको लागि निश्चित अवधि तोकी पत्राचार गर्ने । |
| ४. | प्रवक्ता तोक्ने सम्बन्धमा । | • यस नगर कार्यपालिकाबाट भए गरेका निर्णयहरुलाई सार्वजनिक गर्न प्रवक्ता आवश्यक हुने भएकोले नगर प्रवक्तामा कार्यपालिका सदस्य अमृका बलामीलाई तोक्ने । |
| ५. | ढुङ्गा, गिट्टी, बालुवा, माटो र ग्राभेल संकलन तथा बिक्री शुल्क आ.ब.०७८/०७९ को ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा । | • यस नगरपालिका भित्र आगामी आ.ब.०७९/०८० को लागी ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा र माटो लगायत प्राकृतिक स्रोतको संकलन तथा बिक्री करको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा स्थानीय राजश्व परामर्श समितिको मिति २०७९/०२/३० गतेको बैठकबाट आगामी आ.ब.को ठेक्का आव्हान गर्न न्यूनतम अंक रु.२,९१,५०,०००।- (दुई करोड एकान्नब्बे लाख पचास हजार रुपैयाँ) (कर बाहेक) कायम गर्ने भनी सिफारिस भई आएको हुदाँ सोही रकमलाई न्यूनतम अंक कायम गरी मिति २०७५/०३/०१ गते प्रकाशित आय ठेक्काको सुचनालाई अनुमोदन गर्ने । |

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत